annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक १८७ पृष्ठ ८ | काठमाडौं, मंगलबार २७ कात्तिक २०८१ | कार्तिक शुक्लपक्ष एकादशी नेपाल संवत् ११४५ | TUESDAY, NOVEMBER 12, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## लाल आयोगको प्रतिवेदन जारी

# प्राधिकरणले ऐन मिचेर छुट बिल जारी गरेको निष्कर्ष

नेपाल विद्युत् प्राधिकरणले जारी गरेको डेडिकेटेड तथा ट्रंकलाइनको छुट बिल ऐन, कानुन तथा नियमावली सम्मत नभएको भनिएको छ। डेडिकेटेड फिडर तथा ट्रंक लाइनको विद्युत् महसुलको विवाद समाधानका लागि गठित जाँचबुझ आयोग, २०८० को प्रतिवेदन सोमबार सार्वजनिक गरिएको छ। प्रतिवेदनमा प्राधिकरणले आफ्नै ऐन तथा नियमावली मिचेर विरोधाभाषपूर्ण रूपमा छुट बिल जारी गरेको उल्लेख छ। ५९ उद्योगको डेडिकेटेड तथा ट्रंकलाइन बक्यौता करिब २२ अर्ब छ।






प्राधिकरण स्वयंले जारी गरेका लोडसेडिङसम्बन्धी सूचनाहरूसमेत ध्यानमा राखी डेडिकेटेड लाइनमार्फत सम्बन्धित ग्राहकहरूलाई विद्युत् आपूर्ति भएका दिन तथा अवधिहरू यकिन गरी पुनः हिसाब गरी छुट महसुल लिनुपर्ने लाल आयोगले सुझाएको छ ।

आयोगको प्रतिवेदनले डेडिकेटेड तथा ट्रंकलाइनको बक्यौता विवादलाई तीन चरणमा बाँडेको छ। २०७२ साउनदेखि २०७२ पुससम्म, २०७२ माघदेखि २०७५ वैशाखसम्म र २०७५ जेठदेखि जेठ मसान्तसम्मको समयलाई अध्ययन गरेको प्रतिवेदनमा भनिएको छ।

समाचार पृष्ठ २

**सुनिता कार्की** | *काठमाडौं*

– को रिपोर्ट

## बागलुङमा जिप दुर्घटना, ५ को मृत्यु

**अर्जुन कार्की** | *बागलुङ*

बागलुङको जैमिनी नगरपालिका–७ जैदीमा जिप दुर्घटना हुँदा ५ जनाको मृत्यु भएको छ। जैमिनी नगरपालिका–८ छिस्तीको केवाइबाट सोमबार बिहान जिल्ला सदरमुकाम बागलुङ बजार आउँदै गरेको ग २ च ९२४७ नम्बरको पिकअप भ्यान वडा नम्बर ७ जैदीको हदैवा पाखाको भित्री सडकमा दुर्घटना हुँदा ५ जनाको घटनास्थलमै मृत्यु भएको थियो। दुर्घटनामा एक जना गम्भीर घाइते भएका छन्।

दुर्घटनाले छिस्तीको केवाई गाउँ शोकमा डुबेको छ। दुर्घटनामा पाँच जना मृतक र एक जना घाइते छिस्तीको केवाई गाउँका रहेका छन्। दुर्घटनामा मृत्यु हुने पाँचैजना छिस्ती केवाइ गाउँका छन्। दुर्घटनामा जैमिनी नगरपालिका-८ छिस्ती केवईका ३८ वर्षीय महेन्द्र पुन, सोही ठाउँकी २० वर्षीय रश्मी श्रीस, ५० वर्षीया नन्दकली पुन, १७ वर्षीय निरज श्रीस र ७५ वर्षीय कुलप्रसाद श्रीसको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब उपरीक्षक (डीएसपी) विजय यादवले जानकारी दिए।

## उपनिर्वाचनका लागि निर्वाचन अधिकृत खटाइए

**अन्नपूर्ण** | *काठमाडौं*

निर्वाचन आयोगले स्थानीय तहको उपनिर्वाचनका लागि मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत तोकेको छ। स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ बमोजिम ३२ जना जिल्ला न्यायाधीशहरूलाई मुख्य निर्वाचन अधिकृतको पदमा नियुक्त गरिएको हो।

६ जना राजपत्रांकित कर्मचारीहरूलाई निर्वाचन अधिकृत पदको जिम्मेवारी दिएको आयोगका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद सापकोटाले जनाए। मंसिर १६ गते हुने उपनिर्वाचनका लागि मुख्यनिर्वाचन अधिकृत र अधिकृतहरू कात्तिक २६ गते तोकिएको निर्वाचन क्षेत्रमा खटिएका छन्।

कात्तिक ३० गते सम्बन्धित स्थानीय तहको केन्द्र तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी निर्वाचन व्यवस्थापनसम्बन्धी कार्यसम्पादन सुरु हुनेछ। देशैभरका ४२ स्थानीय तहमा प्रमुख, उपप्रमुख र वडाध्यक्ष पदका लागि निर्वाचन भइरहेको छ।




त्यसैगरी, निर्वाचन आयोगले आगामी स्थानीय तह उपनिर्वाचनका लागि पर्यवेक्षण गर्न इच्छुक राष्ट्रिय संस्थाहरूलाई निवेदन आह्वान गरेको छ। स्थानीय तह उपनिर्वाचन निर्देशिका २०८१ को अनुसूची-६३ बमोजिम कात्तिक २६ देखि ३० गतेसम्म पर्यवेक्षणका निवेदन दिन संस्थाहरूलाई पाँच दिनको समय दिइएको हो।

पर्यवेक्षणको स्वीकृति प्रदान गर्नुपूर्व सम्बन्धित व्यक्तिसँग आयोगको तर्फबाट सामान्य जानकारीमूलक अन्तरक्रिया गरी वडा वा पालिका तोकेर पर्यवेक्षणको स्वीकृति प्रदान गरिने आयोगले जनाएको छ।

# ठूले राई ४० वर्षदेखि गाउँ फर्किएनन्

**शिव उप्रेती** | *गोरखा*

भोजपुरका तीर्थबहादुर राईले घर व्यवहार देखेर वाक्क भई १५ वर्षकै उमेरमा गाउँ छाडे। आमचोक गाउँपालिका-८ दुङ्मानाका राईले गाउँ छाडेको अहिले ठ्याक्कै ४० वर्ष पूरा भयो। अहिले उनी उत्तरी गोरखाको चुमनुब्री गाउँपालिका ३ भालुवनको अनकन्टारमा रमाइरहेका छन्।

बूढीगण्डकीको किनारै किनार गएपछि पुगिन्छ जगत। जगतबाट झन्डै एकघण्टा पखेराको उकालो हिँडेपछि भालुवन पुगिन्छ। भालुवनबाट पनि झन्डै एकघण्टा उकालो खोरिया हिँडेपछि जंगलको फेदमा उनीहरूको घर छ। एकलासको काठले बारेको सो घरमा बस्छन्, ठूले राई, श्रीमती कान्छी अनि छोरी सिर्जना। छोरा युवराजलाई कसैले पढाउन दमौली लगेको छ।

बुवाले श्रीमती ल्याएर नथाकेपछि विरक्तिएर उनले घर छाडेका हुन्। पहिलो बेगमा उनी काठमाडौं पुगे। त्यहाँ रोजीरोटी खोज्दै सुरुमा जोरपाटीको गार्मेन्ट उद्योगमा काम गरे। त्यहाँ मासिक सुक्खा ६ सय रुपैयाँको जागिर पाए। पछि तलब राम्रो पाइन्छ कि भन्दै अत्तरखेल, महांकाल, सातदोबाटो, लुभु, भक्तपुरका गार्मेन्टहरू चाहारे। ८/९ वर्ष जति गार्मेन्ट उद्योग चाहारेपछि उनलाई पर्यटकको भारी बोकेर थोराङपास जाने काम मिल्यो। मर्स्याङ्दीको किनारै किनार मनाङ छिचोलेर मुस्ताङ निस्कने रुटमा भारी बोकेबापत दिनको सुक्खा २५० रुपैयाँ पाइन्थ्यो। महिनाको ६०० भन्दा दिनको २५० ले तानेपछि उनले काठमाडौंबाट पनि बेग हाने।



**श्रीमती कान्छीसँग ठूले राई।** ● शिव उप्रेती

उनले बोकेको मट्टितेलको भारी मनाङ बगरछाप पुगेपछि सिद्धियो। 'मट्टितेलको भारी बोकेर गाथ्यो। क्यामैपिच्छे स्टोभहरू बाल्दै बाल्दै गएपछि भारी सिद्धियो', उनले भने, 'त्यसपछि मेरो काम पनि सिद्धियो। मान्छेहरूले बगरछापमा होटलहरू बनाइरहेको देखें। म पनि काम पाइन्छ कि भन्दै त्यतै लागें। अनि काठ चिर्न थालें। धारापानी, बगरछाप, डिस्याङ, थोंचे, सानो मनाङ, च्याम्चेमा आठ वर्षजति काठ चिरेरै बिताएँ।' त्यसपछि सुरु भयो हिमाली अनकण्टार गाउँबस्तीमा रमाउने दिन।

जन्मथलो बिर्सिएर बहकिएका ठूले राई घर बनाउने काम खोज्दै फेरि कास्कीको सिक्लेसतिर बेग हाने। त्यहाँ पनि तीनवर्षजति रूख ढाल्ने र काठ चिर्ने काम गरे। फेरि फर्किए मनाङ, लम्जुङतिरै। च्याम्चेमा रमाइलो संयोग मिल्यो, जसले उनको निरस जिन्दगीलाई रसिलो बनायो।

गोरखा लाप्राकका ज्यामिहरू च्याम्चेमा होटल बनाउन जाने गर्थे। दाइको पछि लागेर लाप्राककी कान्छी गुरुङ पनि घर बनाउने काम गर्न पुगेकी थिइन्। त्यहाँ ठूले राई र कान्छी गुरुङको चिनजान, बोलचाल, हिमचिम बाक्लिँदै गयो। एक वर्ष सँगसँगै काम गरेपछि उनीहरू एकले अर्कालाई अपनाए। ठूले कान्छीभन्दा ७ वर्षले ठूला नै थिए। 'विवाह गर्दा म २९ वर्षको थिएँ। यो १९ वर्षको थिई', उनले भने।

» बाँकी पृष्ठ ६

